


# राष्ट्रिय वाणिज्य बैंक लि.
# समाचार

देशको आर्थिक सामाजिक विकासमा ४८ वर्षदेखि समर्पित - राष्ट्रिय वाणिज्य बैंक

वर्ष २१ अंक १ श्रावण–असोज २०७० Year 21 Vol 1 July-Oct 2013

## रावावैंकका अध्यक्ष डा. ढकाल नेपाल विद्याभुषण पदकद्वारा विभुषित

राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष डा. नरहरि ढकाल नेपाल विद्याभुषण पदकद्वारा विभुषित हुनुभएको छ । "Good practices in microfinance operation among leading Nepalese Microfinance Institutions" विषयक शोधपत्रमा त्रिभुवन विश्वविद्यालयबाट वि.सं.२०६९मा



विद्यावारिधी उपाधी हासिल गर्नुभएका डा. ढकाललाई राष्ट्रपति डा.रामवरण यादवले राष्ट्रपति कार्यालयमा आयोजित एक समारोहका बीच उक्त पदक प्रदान गर्नुभयो । राष्ट्रिय शिक्षा दिवस तथा अन्तराष्ट्रिय साक्षरता दिवस २०७० को उपलक्ष्यमा नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा आयोजित उक्त समारोहमा विशिष्ट महानुभावहरूको समुपस्थिति थियो ।

## राष्ट्रिय वाणिज्य बैंक : गत वर्षको मुनाफा १ अर्ब ५१ करोड

पूर्ण सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड्ले गत आर्थिक वर्षमा रु १ अर्ब ५१ करोड ७५ लाख ३१ हजार खुद मुनाफा आर्जन गरेको छ । यो खुद मुनाफा यसअघिको वर्षको तुलनामा २८ दशमलव १२ प्रतिशतले बढी छ । यसैगरी बैंकले यसअघिको वर्षको संचालन मुनाफा २ करोड ४९ लाखमा ३०९२ प्रतिशतले बृध्दि गरी ७९ करोड ५७ लाख पुरयाएको छ । बैंकको निक्षेप ९१ अर्ब ९ करोड पुगेको छ भने कर्जा तथा सापट ४९ अर्ब पुगेको छ । गत वर्ष सम्म नकारात्मक रहेका बैंकको खुद सम्पत्ति र पूंजीकोष अनुपात पुंजी योजना कार्यान्वयन र मुनाफाको योगदानको फलस्वरुप धनात्मक भएका छन् । बैंकको कर्जा निक्षेप अनुपात ५३ दशमलव १९ प्रतिशत रहेको छ भने निष्कृय कर्जा कुल कर्जा अनुपात ५ दशमलव ३१ प्रतिशत रहेको छ । १४५ शाखा कार्यालय , १० काउन्टर र ९ वटा ब्रान्चलेस बैकिंग मार्फत देशका ६४ जिल्लामा सेवा पुरयाईरहेको यस बैंकका ५० स्थानमा आफ्नै एटिएम आउटलेट् रहेका छन् ।

## काठमाडौं क्षेत्रका शाखा प्रवन्धकको छलफल तथा पुरष्कार वितरण कार्यक्रम

**साउन २५ काठमाडौं**

**समापन समारोह**

काठमाडौं क्षेत्रमा रहेका राष्ट्रिय वाणिज्य बैंकका मुख्य शाखा कार्यालय लगायत ३६ शाखा कार्यालयका प्रवन्धकको सहभागितामा थापाथलीमा संचालित दुई दिवशीय लक्ष्य प्रगति समीक्षा तथा चालु




आ.व.को कार्यनीतिक योजना निर्धारणसम्बन्धी छलफल तथा पुरष्कार वितरण कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रमको समापन समारोहमा

*बाँकी दोस्रो पृष्ठमा*

## यस अंकमा

- रावावैंकको गत वर्षको मुनाफा
- प्रमुख कार्यकारी अधिकृतज्यूको अन्तरवार्ता
- विभिन्न क्षेत्रमा छलफल कार्यक्रम सम्पन्न
- इलेक्ट्रोनिक भुक्तानी सम्बन्धी तालीम कार्यकम
- ब्रान्च प्रोफाईल: शाखा कार्यालय सिन्धुली र निजगढ
- मानव संशाधन स्तम्भ: सरुवा, यूनियन गतिविधि, श्रद्धाञ्जली, समवेदना



एसियन विकास बैंकका वित्त विशेषज्ञ र रावाबैंकका प्रमुख कार्यकारी अधिकृत बीच भेटवार्ताको एक झलक

## सम्पादकीय

कुल निर्यात आयात व्यापारमा झण्डै १५:८५ अनुपात रहेको हाम्रो जस्तो देशमा वैदेशिक मुद्राको अधिमूल्यनबाट अर्थतन्त्रले अहम् चुनौतीको रुपमा सामना गर्नुपरिरहेको छ । यसबाट रेमिटान्स आयमा झिनो वढोत्तरी भएतापनि वैदेशिक ऋणको साँवा व्याज भुक्तानीदेखि, खाद्यान्न, पेट्रोलियम पदार्थ, मेशिनरी पार्टपूर्जा लगायतका सामान आयातमा हुने खर्च बढ्न गई देशमा शोधनान्तर प्रतिकूलता बढ्ने सम्भावना रहन्छ । अर्थतन्त्रमा देखिने यो जटिलताको समाधान निम्ति केही उपायहरू अवलम्बन गरिनु पर्छ । यस निम्ति पहिलो आन्तरिक उत्पादन अभिबृध्दि गर्ने अर्थात निर्यात प्रतिस्थापन निम्ति स्वदेशी कच्चा पदार्थ र श्रममा आधारित निर्यातयोग्य वस्तु वा सेवाको गुणात्मक तथा संख्यात्मक अभिवृध्दि गर्ने, त्यस निम्ति लगानी मैत्री वातावरण तयार पार्ने र अर्को विलासिताका वस्तु वा सेवाको आयातमा कडाई गर्ने । यी उपायहरू कार्यान्वयनमा सरकार, निजी क्षेत्र र बैंक तथा वित्तीय संस्थाहरू हातेमालो गरी अघि बढ्नुपर्ने खाचो छ । आशा गरौ, यस गंभीर विषयमा सम्वध्द सबै पक्षहरूको ध्यान पुग्ने छ ।

x x x

हामी नेपालीहरू यतिबेला एकातिर दशैं, तिहार, छठ, बकर इद, चासोक जस्ता ठूला ठूला साँस्कृतिक पर्वहरू मनाइरहेका छौं भने अर्कोतर्फ संविधान सभाको निर्वाचन जस्तो महान राजनैतिक पर्व मनाउने तयारीमा छौं, हाम्रा यी महान् सामाजिक पर्वहरूको अवसरमा सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीको सुख शान्ति समृद्धिको शुभकामना व्यक्त गर्दछौं साथै दोस्रो संविधान सभाको महानिर्वाचनको पूर्ण सफलताको कामना गर्दछौं ।

x x x

## काठमाडौं क्षेत्रका.............

प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले वाणिज्य बैकिंग बजारका ग्राहकहरू बैंकभन्दा बढी जानकार रहेकोले प्रवन्धकहरूले ग्राहकलाई 'लिड्' गर्ने क्षमता विकास गर्न समसामयिक अर्थतन्त्र र बैकिंगको अवस्थाबारे विस्तृत जानकारी राख्नुपर्ने वताउनुभयो । नायव महाप्रवन्धक भेषराज पन्थीले शाखा प्रवन्धकहरूले संचालनगत जोखीम न्यूनिकरणमा समुचित ध्यान दिंदै केन्द्रसंग उचित समन्वय र शाखागत रुपमा समूह निर्माणका माध्यमले व्यवसाय विस्तार र दैनिक कारोवार एकसाथ अघि बढाउनुपर्ने वताउनुभयो । सहभागीका तर्फबाट मुख्य शाखा कार्यालय काठमाडौंका प्रवन्धक नरेश अर्यालले हाम्रो बैंक संशाधनको आधारमा धनी तर परिचालन पक्ष कमजोर रहेकोले यसमा सुधारको आवश्यकता औल्याउदै कर्जा व्यवस्थापनमा प्रभावकारिता अभिवृध्दि निम्ति द्रुत मार्ग कर्जा प्रशोधन प्रकृया अपनाउने तथा संभाव्य कर्जा खतराको सजगता निम्ति छुट्टै खतरा व्यवस्थापन विभाग स्थापना गर्नु उपयुक्त हुने अभिमत प्रकट गर्नुभयो । त्यस अवसरमा ब्रान्च अपरेसन विभागका प्रमुख ओमप्रकाश आचार्यले बैंकका शाखा र कर्मचारीमा पुरष्कारले सकारात्मक प्रभाव पार्ने वताउदै ४८ औं वार्षिकोत्सवमा घोषित यस क्षेत्रमा पुरष्कृत शाखा तथा कर्मचारीको नाम वाचन गर्नुभएको थियो । पुरष्कृत शाखा तथा कर्मचारीलाई प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले नगद तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो । सो अवसरमा पुरष्कृत कर्मचारीको तर्फबाट आन्तरिक लेखा परीक्षण विभागका उपप्रमुख चा.ए. सुनिल पोखेलले र पुरष्कृत शाखाको तर्फबाट शा.का.महाराजगन्जका प्रवन्धक शिशिर गौतमले मन्तव्य दिनुभएको थियो । यसैबीच यसअघि शाखा कार्यालय महाराजगन्जमा कार्यरत रही हाल शाखा कार्यालय सिंहदरवारमा कार्यरत प्रवन्धक राजेन्द्र दाहालले पुरष्कृत हुंदाको वखत रहेका प्रवन्धकले पुरष्कार बुझेर हालको प्रवन्धकलाई हस्तान्तर गर्ने विगतको अभ्यासलाई निरन्तरता दिनु पर्ने सुझाव राबाबैंक समाचारलाई दिनु भएको छ । बैंकका नायव महाप्रवन्धक गिरिजानन्द पनेरुको समुपस्थितिमा क्षेत्रीय कार्यालय काठमाडौंका प्रवन्धक उद्धव खनालको सभापतित्व तथा उपप्रमुख भैरव बहादुर हमालको संचालनमा सम्पन्न उक्त समारोहमा रावावैंक समाचारका सम्पादक मुकुन्द अर्यालले उक्त कार्यक्रमबारे विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारबारे जानकारी दिनुभएको थियो । यसअघि प्रमुख कार्यकारी अधिकृत, विभागीय प्रमुखहरू र सहभागी शाखा प्रवन्धकहरूबीच विस्तृत अन्तरक्रिया भएको थियो । क्षेत्रीय कार्यालय काठमाडौंका प्रवन्धक उद्धव खनालले क्षेत्रगत लक्ष प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने विभिन्न विभागका प्रमुखहरूले सम्वध्द विषयमा सहभागीहरूसंग अन्तरक्रिया गर्नुभएको थियो ।

### समुद्‌घाटन समारोह

"राष्ट्रिय वाणिज्य बैंक सामू वाणिज्य बैकिंग कारोवारलाई संख्यात्मक र गुणात्मक दुबै आधारमा बढाउने चुनौती छन् । यसको अलावा रावावैकको स्पन्दनको रुपमा रहेका निम्न मध्यम तथा मध्यम वर्गका ग्राहकबाट बैंकले प्राप्त गर्दैआएको विश्वास, स्नेह, सदभाव बैंकको अनमोल सम्पत्ति रहेको पृष्ठभूमिमा बैंकले उनीहरूको सामाजिक आर्थिक उन्नयनका लागि सामाजिक बैकिंगमा समेत सक्रियता बढाउनु छ, यी दुवैतर्फ प्रवन्धकको ध्यान जानु आवश्यक छ ।" उक्त कुरा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले बैंकको काठमाडौं क्षेत्रमा रहेका मुख्य शाखा कार्यालय लगायत ३६ शाखा कार्यालयका प्रवन्धकको सहभागितामा थापाथलीमा सञ्चालित गत आर्थिक वर्षको लक्ष्य प्रगति समीक्षा तथा चालु आ.व.को कार्यनीतिक योजना निर्धारणसम्बन्धी छलफल कार्यक्रमको समुद्‌घाटन समारोहमा निर्देशन मन्तव्यका क्रममा वताउनुभएको हो ।

क्षेत्रीय प्रवन्धक उद्धव प्रसाद खनालको सभापतित्व नायव महाप्रवन्धक माधव राज पन्त, गोपालचन्द्र शर्मा, गिरिजानन्द पनेरु, कम्पनी सचिव टेक राज जोशीको समुपस्थितिमा सम्पन्न समुद्‌घाटन समारोहमा बैंकका कार्यकारी निर्देशक ज्योतिचन्द्र ओझा, नामप्र भेषराज पन्थी, ब्रान्च अपरेसन विभागका प्रमुख ओम प्रकाश आचार्य, तालीम तथा विकास विभागका उप प्रमुख मित्रलाल पंज्ञानी लगायतका वक्ताले मन्तव्य दिनुभएको थियो । बैंकको केन्द्रीय कार्यालय तालीम तथा विकास विभाग, ब्रान्च अपरेसन विभाग र क्षेत्रीय कार्यालय काठमाडौंको संयुक्त आयोजनामा संचालित उक्त दुई दिवशीय छलफल कार्यक्रममा मुख्य शाखा कार्यालय काठमाडौ, शाखा कार्यालय रामेछाप, धादिंग, धुलिखेल, खानीखोला, ठमेल, ठिमी, ललितपुर, सिंहदरबार, पुल्चोक, महाराजगन्ज, नक्शाल, कीर्तिपुर, वालाजु, गौशाला, लुभु, भोटाहिटी, सूर्यविनायक, वानेश्वर, थापाथली, रातामाटा, खरानीटार, मैतीदेवी, चरिकोट, बूढानिलकण्ठ, मन्थली, त्रि.अ.वि., टेकु, सानोठिमी, कलंकी, विदुर, वनेपा, सल्लेरी, नाम्चेबजार, लुक्ला र गजुरी शाखाका प्रवन्धकका साथै बैंकका उच्च पदस्थ अधिकृतहरूको सहभागिता थियो । स्मरण रहोस् रावावैंकको कुल कारोवारमा काठमाडौं क्षेत्रको हिस्सा निक्षेपतर्फ करिव ३० प्रतिशत र कर्जा तर्फ करिव २५ प्रतिशत रहेको छ ।

## राष्ट्रिय वाणिज्य बैंक समाचारको अनुरोध

**यस समाचारमा प्रकाशनार्थ कार्यक्रम विवरण, तस्वीर लगायतका सूचना सामग्रीहरू कार्यक्रम सम्पन्न भएको तीन दिनभित्र तलको ठेगानामा पठाई सहयोग गर्नुहुन यस बैंकका सम्पूर्ण विभाग, कार्यालय तथा तीनवटै यूनियनहरूलाई अनुरोध छ साथै रा.वा.बैंक समाचारको एक प्रति जनसाधारणले देख्ने गरी सूचना पाटीमा टाँस्ने व्यवस्था निम्ति सबै शाखा कार्यालयहरूलाई अनुरोध छ ।**

**सम्पादक**
**राष्ट्रिय वाणिज्य बैंक समाचार**
**राष्ट्रिय वाणिज्य बैंक**
**केन्द्रीय कार्यालय**
**सामान्य सेवा विभाग**
**सिंहदरवार प्लाजा काठमाडौं, ईमेल : rbbnl@rbb.com.np**
**फ्याक्स : ४२४९५६५**

## मननीय उक्ति

"जीवनरुपी यो संघर्षमा निराशा तथा पराजयको होईन सदा सर्वदा आशा, विश्वास तथा सफलताको भावना मनमा ल्याउ । यस पटक त म अवश्य सफल हुनेछु तथा भविष्यमा मेरो सफलता शतप्रतिशत निश्चित छ, यही प्रबल भावना सदा मनमा भर्ने गर । अवनतिको विचार विर्सेर पनि मनमा आउन नदेउ । लडखडाएर तल खस्ने होइन, किन्तु जीवनलाई उत्तरोत्तर माथि उकास्ने पुष्ट विचार तथा सतकार्यलाई अपनाउ । सदा के स्मरण राख्नु पर्छ भने निराशा तथा अकर्मण्यता एक प्रकारको नास्तिकता हो । यो संसाररुपी सागरबाट केवल उद्योगीहरूले मात्र पार पाउँछन् । निरुद्योगी र पुरुषार्थहीनहरूले कहिल्यै पार पाउन सक्तैनन् ।"

– खप्तड स्वामी

## पोखरा क्षेत्रका शाखा प्रवन्धकको छलफल तथा पुरष्कार वितरण कार्यक्रम

भाद्र ७ पोखरा

राष्ट्रिय वाणिज्य बैंक पोखरा क्षेत्रका शाखा प्रवन्धकहरूको सहभागितामा आयोजित लक्ष्य प्रगति सम्बन्धी एक दिवशीय छलफल कार्यक्रम तथा ४८ औं वर्ष प्रवेशको अवसरमा घोषित उत्कृष्ट शाखा तथा कर्मचारीलाई पुरष्कार वितरण कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रमको शुभारम्भ समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले गर्नु भएको थियो । सो अवसरमा श्री शर्माले पोखरा क्षेत्रको भाखा नाघेको कर्जा शून्य दशमलव ६३ प्रतिशतमात्र रहेको,नाफा गत वर्षभन्दा ५० प्रतिशतले बृध्दि भएको र हरेक आधारमा पोखरा क्षेत्र अन्य क्षेत्रभन्दा अग्रणी रहेकोमा सम्पूर्ण प्रवन्धकलाई धन्यवाद ज्ञापन गर्नुभयो । सो अवसरमा प्रमुख कार्यकारी अधिकृत शर्माले बैंकमा विद्यमान प्रचुर तरलतालाई बढी से बढी उत्पादनशीलता प्रदान गर्न कर्जा लगानीमा विशेष जोड दिनुपर्ने, सरकारी नीति वमोजिम विपन्न वर्ग र कृषि कर्जा विस्तारमा जोड दिनुपर्ने, थप शाखा विस्तारका लागि राम्रा क्षेत्रको खोजी गर्नुपर्ने, शाखाका समस्या समाधानका लागि केन्द्र र क्षेत्रलाई झकझक्काईराख्नु पर्ने, बैंकलाई सबै आधारमा देशको १ नम्बर बैंक बनाउन बैंकले तयार पारेको ५ वर्षे रणनीतिक योजना कार्यान्ययनमा प्रवन्धक र कर्मचारीले सकिय भूमिका निर्वाह गर्नु पर्ने बताउनु भयो । बैंकका नायव महाप्रवन्धक भेषराज पन्थीले शाखा प्रवन्धकहरू बैंकको पूंजीको श्रोत र उपयोगलाई प्रभावकारी परिचालन गरी सम्पत्तिमा रुपान्तरण निम्ति सकिय रुपले लाग्नुपर्ने, बजार प्रतिष्पर्धाबारे अद्यावधिक भइरहनु पर्ने, आन्तरिक नियन्त्रण पद्धतिलाई सवल बनाउनु पर्ने तथा नो योर कस्टोमरजस्ता कम्प्लायन्सको पालनामा गम्भिर हुनु पर्ने बताउनुभयो ।

उक्त कार्यक्रममा ब्रान्च अपरेशन विभागका प्रमुख ओम प्रकाश आचार्यले कार्यक्रमको उद्धेश्यबारे प्रकाश पार्नुभएको थियो । ट्रेजरी विभागका प्रमुख भुपेन्द्र पाण्डेले कोष व्यवस्थापन, निक्षेप, कर्जा र तरलतामा




बैंकको वर्तमान अवस्थाबारे प्रकाश पार्नुभएको थियो । संस्थागत तथा साना मझौला कर्जा विभागका प्रमुख केशव प्रसाद लम्सालले कर्जाको वर्तमान अवस्थाका साथै असल कर्जा प्रवाह गर्ने रणनीतिहरू बारे प्रकाश पार्नुभएको थियो । कृषि तथा सामाजिक बैंकिंग विभागका प्रमुख विष्णु शर्मा पौडेलले कृषि कर्जामा १२ प्रतिशत र विपन्न वर्ग कर्जामा ४.५ प्रतिशत कर्जा पुरयाउनु पर्ने भएकोले सोही वमोजिम रणनीति बनाई अघि बढ्नु पर्ने वताउनुभयो । छलफल कार्यक्रमका सभापति पोखरा क्षेत्रका प्रवन्धक महेन्द्र प्रसाद अवस्थीले क्षेत्रगत र शाखा प्रवन्धकहरूले शाखागत प्रतिवेदन पेश गर्नुभएको थियो भने शाखा प्रवन्धक राज कुमार खड्काले प्रवन्धकहरूको तर्फबाट प्रतिवध्दता प्रकट गर्नुभएको थियो । उक्त कार्यक्रममा गत वर्ष उत्कृष्ट हुने शाखा तथा कर्मचारीलाई प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले प्रशंसा पत्र तथा नगद प्रदान गर्नुभएको थियो । क्षेत्रीय उप प्रमुख टिकाराम के.सि.को स्वागत मन्तव्य र स.ले.अ. गंगाधर पौडेलको संचालनमा उक्त कार्यक्रम सम्पन्न भएको थियो । (ओम प्रकाश आचार्य, सूर्य लम्साल र सुरेन्द्र तिवारीको सहयोगमा तयार सामग्री)

## विराटनगर क्षेत्रका शाखा प्रवन्धकको अन्तरक्रिया तथा पुरष्कार वितरण कार्यक्रम

भाद्र १७ धरान

राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय विराटनगर अन्तर्गतका शाखा कार्यालयहरूको प्रवन्धकस्तरीय एक दिवशीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले बैकका समग्र वित्तिय परिसूचकहरू सकारात्मक हुंदै गएको, बैंक अब आमूल रुपान्तरणको चरणमा रहेकोले यस बैंकलाई देशको प्रथम नम्बरको बैंक बनाउन शाखा कार्यालय, क्षेत्रीय कार्यालय, केन्द्रीय कार्यालयबाट सामूहिक मिहिनेतको खांचो रहेको वताउनु भयो । सो अवसरमा प्रमुख कार्यकारी अधिकृत शर्माले बैंकलाई अग्रगति दिन प्रवन्धकहरू शोभावान, समारोहिक (Ceremonial) भन्दा पनि गतिशील (Dynamic) भई कर्जा लगायतका कारोवारको गुणात्मक तथा मात्रात्मक अभिवृद्धिमा प्रयत्नशील हुनुपर्ने र सो का लागि केन्द्रबाट सबै किसिमका सहयोग उपलब्ध गराईने वताउनुभयो । क्षेत्रीय प्रवन्धकको संयोजकत्वमा संचालित उक्त कार्यक्रममा शाखा प्रवन्धकहरूले शाखागत कार्यसम्पादनबारे प्रस्तुती दिनुभएको थियो भने नायव महाप्रवन्धक भेष राज पन्थी लगायत विभागीय प्रमुखहरूले विशेषः प्रस्तुती दिनु भएको थियो । सोही अवसरमा ट्रेजरी विभागका प्रमुख भुपेन्द्र पाण्डेले बैंकले निकट भविष्यमा आरम्भ गर्न लागेको वित्तीय साक्षरता कार्यक्रमबारे विशेषः प्रस्तुति दिनुभएको थियो । सोही अवसरमा प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले गत आर्थिक वर्षमा उत्कृष्टता हासिल गर्ने यस क्षेत्रका शाखा तथा कर्मचारीलाई पुरष्कार वितरण गर्नुभएको थियो । उक्त कार्यक्रममा विभागीय प्रमुखहरू ओम प्रकाश आचार्य, केशव प्रसाद लम्साल, मनमोहन प्रसाद भण्डारी र कपिलमणि ज्ञवालीको समुपस्थिति थियो ।

## नयाँ कर्मचारीसँग अन्तरक्रिया

जनकपुर

यसैबीच रावावैंकको उच्च व्यवस्थापन र नवनियुक्त कर्मचारीहरूबीच



तस्विर कपिल ज्ञवाली

बैंकमा व्यवसाय विस्तारका चुनौती र संभावनाहरूबारे एक वृहत अन्तरक्रिया सम्पन्न भयो । (ईश्वरी न्यौपानेको सहयोगमा तयार सामग्री)

**ब्रान्च प्रोफाईल**

### आ.व. ०६८/०६९ मा सर्वोत्कृष्ट स्थान हासिल गर्न सफल

| | |
|---|---|
| शाखा कार्यालय | : सिन्धुली |
| निक्षेप रकम | : ८६ करोड २ लाख (०७० असार) |
| कर्जा | : ३२ करोड २२ लाख |
| भाखा नाघेको/कुल कर्जा अनुपात | : ० प्रतिशत |
| गत आ.व.को खुद मुनाफा | : ४१ लाख २६ हजार |
| कर्मचारी संख्या | : १७ |




| | |
|---|---|
| सफलताका रहस्य (बुदामा) | : असल नेतृत्व र दृढ इच्छाशक्ति, न्यून कर्मचारी संख्या बढि उत्पादकत्व, मिलनसार कार्य समूह, नयाँ सोच र नयाँ बिचार । |
| प्रवन्धकको नाम | : फौद बहादुर सुनुवार |

**ब्रान्च प्रोफाइल**

**शाखा कार्यालय निजगढ**

**(आ.ब. ०६८/०६९ मा सवोत्कृष्ट स्थान हासिल गर्न सफल)**

शाखा कार्यालय : निजगढ

निक्षेप रकम : २८ करोड १० लाख (०७० असार)

कर्जा : २५ करोड ३९ लाख

भाखा नाघेको/कुल कर्जा अनुपातः ०.०८ प्रतिशत

गत आ.व.को खुद मुनाफा १ करोड ३० लाख

सफलताका रहस्य : मिलनसार,लगनशील तथा प्रतिवद्ध कार्यसमूह, रावावैंकको ख्याती र बैंक व्यवस्थापनको निरन्तर उत्प्रेरणा, सुधारिएको कार्यालयको भौतिक संरचना, बैंकद्वारा प्रदान गरिएको गुणस्तरीय सेवा र ग्राहकसंग बैंकको सुमधुर सम्बन्ध ।

कर्मचारी संख्या : ९ (सुरक्षा गार्ड बाहेक)

प्रवन्धकको नाम : शिव पाण्डे (उत्कृष्ट हुँदाको बखत) दिनेश कुमार शर्मा (हाल)

## मानव संशाधन स्तम्भ

## २०७०।४।१ देखि २०७०।४।६ मसान्तसम्म सरुवा भएका कर्मचारीहरूको नामः-

| क्र.सं. | पद | कर्मचारीको नाम | क.नं. | साविक कार्यालय | सरुवा भएको कार्यालय |
|---|---|---|---|---|---|
| १ | प्रवन्धक | श्री केशव लम्साल | १०७७६ | मु.शा.का.काठमाडौं | संस्थागत तथा सा.म.क.विभाग |
| २ | मुख्य अधिकृत | श्री भुपेन्द्र पाण्डे | ११२४४ | संस्थागत त.सा.म.क.वि. | ट्रेजरी भिाग |
| ३ | मुख्य अधिकृत | श्री कविराज अधिकारी | ११२४५ | ट्रेजरी विभाग | पुर्वाधार तथा स.वि.कर्जा विभाग |
| ४ | का.मु.मु.अ. | श्री उद्धवप्रसाद खनाल | ९८९९ | कर्जा अ.तथा पु.सं.वि. | क्षे.का.काठमाडौं |
| ५ | का.मु.मु.अ. | श्री नरेश राज अर्याल | ७९६६ | पुर्वाधार तथा स.वि.क.वि. | मु.शा.का.काठमाडौं |
| ६ | का.मु.मु.अ. | श्री कपिल ज्ञवाली | १००४६ | सूचना प्रविधि विभाग | कार्ड पेमेण्ट तथा से.विभाग |
| ७ | का.मु.मु.अ. | श्री रमिता सुवाल | १०७५० | कार्ड पेमेण्ट तथा से.वि. | सूचना प्रविधि विभाग |
| ८ | मुख्य अधिकृत | श्री सुशिल श्रेष्ठ | १०८०६ | क्षे.का.काठमाडौं | कर्जा अशुली तथा पु.स..विभाग |
| ९ | चा.ए. | श्री शिवकुमार मैनाली | ११३६० | व्यवस्थापन सू.तथा प्र.वि. | कर्जा अशुली तथा पु.स.विभाग |
| १० | स.मु.अ. | श्री गणेशकुमार ढकाल | ९६३१ | कर्जा अ.तथा पु.सं.वि. | ब्राञ्च अपरेशन विभाग |
| ११ | स.मु.अ. | श्री निरु बावा जोशी | ९६२८ | मार्केटिङ्ग तथा वि.विभाग | व्यवस्थापन सू.प्र.तथा व.विभाग |
| १२ | ना.मु.अ.(कानून) | श्री सुदर्शन राज पन्त | ८४९० | कानून विभाग | कर्जा अशुली तथा पु.स.विभाग |
| १३ | सहायक | श्री रामवहादुर खड्का | ८६४९ | क्षे.का.नेपालगंज | सुर्खेत |
| १४ | सहायक चौथो | श्री लालवावु राय | ९०८८ | गौर | कलैया |
| १५ | सहायक चौथो | श्री शेर सिह धामी | १०१०६ | अत्तरिया | लम्की |
| १६ | सहायक चौथो | श्री प्रेमप्रसाद शर्मा | १०२४४ | वाग्लुङ्गवजार | वेनीवजार |
| १७ | सहायक चौथो | श्री कृष्णवहादुर विष्ट | १०५९३ | पाल्पा | परासी |
| १८ | स.चौथो | श्री लुज श्रेष्ठ | ११५४७ | सिन्धुली | बुढानिलकण्ठ |
| १९ | स.चौथो | श्री बरुण खड्का | ११५२० | आरुघाट | तालीम तथा विकास विभाग |
| २० | स.चौथो | श्री अनूप पोखरेल | ११४९३ | मन्थली | गौशाला |
| २१ | स.चौथो | श्री ईश्वर उप्रेती | ११५२४ | हेटौडा | मु.शा.का.काठमाडौं |
| २२ | स.चौथो | श्री अनिल वज्राचार्य | ११५०१ | महेन्द्रपुल | थापाथली |
| २३ | स.चौथो | श्री कमल चुके | ११५४० | गुलरिया | कावासोती |
| २४ | स.चौथो | श्री सुरेश अधिकारी | ११५२९ | आंवुखैरेनी | सु.बं. भैरहवा |
| २५ | सहायक पाचौ | श्री श्यामकृष्ण के.सी. | १०६६२ | कार्ड पेमेण्ट तथा से.वि. | संस्थागत तथा सा.म.क.विभाग |
| २६ | सहायक पाचौ | श्री श्यमकुमार श्रेष्ठ | ९४८६ | सूचना प्रविधि विभाग | संस्थागत तथा सा.म.क.विभाग |
| २७ | सहायक चौथो | श्री मोहन शाक्य | १००८५ | सूचना प्रविधि विभाग | कार्ड पेमेण्ट तथा से.विभाग |
| २८ | स.चौथो | श्री श्याम भक्त श्रेष्ठ | ११५१० | फिक्कल | गजुरी |
| २९ | स.चौथो | श्री विनोद सिटौला | ११५०६ | देवकोटाचोक | वानेश्वर |
| ३० | स.चौथो | श्री सुवर्ण महर्जन | ११५०७ | इनरुवा | कीर्तिपुर |
| ३१ | स.चौथो | श्री विष्णुराम खत्री | ११५२७ | सु.ब.भैरहवा | कलंकी |
| ३२ | स.चौथो | श्री संन्जिव भडेल | ११५४४ | सु.ब.भैरहवा | पुल्चोक |
| ३३ | सहायक पाचौ | श्री प्रकाश वस्नेत | ९४९७ | टेकु | कार्ड पेमेण्ट तथा से.विभाग |
| ३४ | सहायक पाचौ | श्री जनकवहादुर शाही | ९९२२१ | मान्म | गुलरिया |
| ३५ | स.चौथो | श्री शैलेश रिजाल | ११५१७ | सुर्खेत | पुल्चोक |
| ३६ | स.ले.अ. | श्री रेणुका राजवंशी | ११५७० | दमक | देवकोटाचोक |
| ३७ | स.ले.अ. | श्री अर्जुन ढुङ्गाना | ११५७७ | धनकुटा | धरान |
| ३८ | स.ले.अ. | श्री शिरोमणी वराल | ११५८३ | खांदवारी | इनरुवा |
| ३९ | स.ले.अ. | श्री सुमन आचार्य | ११५८१ | राजविराज | विराटनगर |
| ४० | स.ले.अ. | श्री राम चरण वि.सी. | ५२३१ | नेपालगंज | वित्त विभाग |
| ४१ | का.मु.स.ले.अ. | श्री कृष्णवहादुर चन्द | ८१३५ | बैतडी | सुर्खेत |
| ४२ | सहायक पाचौ | श्री विश्वनाथ अर्याल | ४७५० | श्रीपुर | वीरगंज |
| ४३ | स.ले.अ. | श्री कमला तिमिल्सीना | ११५९५ | पृथ्वीचोक | महेन्द्रपुल |
| ४४ | कम्प्युटर अधिकृत | श्री प्रभु ढुङ्गना | ११३९० | सूचना प्रविधि विभाग | क्षे.का.विराटनगर |
| ४५ | सहायक चौथो | श्री कल्पराज न्यौपाने | ९१२५ | हेटौडा | कलैया |
| ४६ | सहायक पाचौ | श्री शरदकुमार वराल | ७७०७ | सु.ब.विराटनगर | क्षे.का.विराटनगर |
| ४७ | स.ले.अ. | श्री रमेशचन्द्र डि.सी. | १००१९ | धादिङ्ग | क्षे.का.काठमाण्डौ |
| ४८ | सहायक चौथो | श्री शिशु राई(श्रेष्ठ) | १०८१५ | वानेश्वर | गौशाला |
| ४९ | सहायक चौथो | श्री अर्जुनप्रसाद ढुङ्गना | ८८८० | गौशाला | वालाजु |
| ५० | सहायक चौथो | श्री शिलु तारा शाक्य | ११०४६ | वालाजु | वानेश्वर |
| ५१ | स.ले.अ. | श्री राजन पौडेल | १०२३८ | दमक | इटहरी |
| ५२ | ना.मु.अ. | श्री अर्जुनप्रसाद अर्याल | ९५२१ | कर्जा अ.तथा पु.सं.वि. | कम्प्लायन्स महाशाखा |
| ५३ | सहायक पाचौ | श्री निलाम्वर गौतम | ५०५९ | सिहदरवार | पिडारिचोक |
| ५४ | स.ले.अ. | श्री ओम गुरुङ्ग | २६४१ | महेन्द्रपुल | भैरहवा |
| ५५ | सहायक पाचौ | श्री सीताकुमारी वि.सी. | ९२८१ | वानेश्वर | ब्राञ्च अपरेशन विभाग |
| ५६ | सहायक पाचौ | श्री शिव गौतम | ९३३७ | भैरहवा | कोटिहवा |
| ५७ | सहायक पाचौ | श्री सुखाराम राना | ७९३० | भुरिगाउं | बम्फाङ्ग |
| ५८ | सहायक पाचौ | श्री युवराज वाग्ले | १०४१६ | नारायणगढ | पर्साढाप |
| ५९ | सहायक पाचौ | श्री शशिचन्द्र सिग्देल | ९४७७ | पर्साढाप | नारायणगढ |
| ६० | स.ले.अ. | श्री खेमप्रसाद उप्रेती | ८४६६ | क्षे.का.विराटनगर | दमक |
| ६१ | सहायक चौथो | श्री अनिता भुर्तेल | १०९२३ | गौशाला | क्षे.का.काठमाडौं |
| ६२ | सहायक पाचौ | श्री दिलिपकुमार गुरुङ्ग | ६१४५ | कोटिहवा | वुटवल |
| ६३ | सहायक चौथो | श्री अनिल खनाल | १०६५५ | पृथ्वीचोक | क्षे.का.पोखरा |
| ६४ | स.ले.अ. | श्री सुर्यकृष्ण श्रेष्ठ | ५३७९ | भोजपुर | मु.शा.का.काठमाडौं |
| ६५ | ले.अ. | श्री हरिवावु आचार्य | १११९० | बरगाछी | क्षे.का.विराटनगर |
| ६६ | स.ले.अ. | श्री मिनमणी नेपाल | १०३०४ | चैनपुर | ठिमी |
| ६७ | ले.अ. | श्री शन्तोष लम्साल | ११०८२ | धनकुटा | बरगाछी |
| ६८ | ले.अ. | श्री ओमप्रसाद दंगाल | ११०७४ | इलामवजार | उर्लावारी |
| ६९ | ले.अ. | श्री विनोद पौडेल | ११०८४ | खांदवारी | मानव संसाधन विभाग |
| ७० | स.ले.अ. | श्री युवराज उप्रेती | ११०९५ | उर्लावारी | विर्तामोड |
| ७१ | स.ले.अ. | श्री शैलेन्द्रकुमार शाह | ९६३० | विदुर | सामान्य सेवा विभाग |
| ७२ | स.ले.अ. | श्री ठाकुर रानाभाट | ४८८१ | आंवुखैरेनी | क्षे.का.पोखरा |
| ७३ | स.ले.अ. | श्री विष्णुकुमार लामिछाने | ८७८६ | आरुघाट | विदुर |
| ७४ | का.मु.स.ले.अ. | श्री शंकरप्रसाद पौडेल | ९६२४ | भच्चेक | कावासोती |
| ७५ | स.ले.अ. | श्री दिगन्तराज पन्त | १०६९० | वेसिशहर | भरतपुर |
| ७६ | स.ले.अ. | श्री जसहादुर गुरुङ्ग | १००३५ | स्याङ्गजावजार | पृथ्वीचोक |
| ७७ | स.ले.अ. | श्री लक्ष्मण महत्तो | ८७७२ | धनुषामहेन्द्रनगर | क्षे.का.वीरगंज |
| ७८ | स.ले.अ. | श्री दीपक राज न्यौपाने | १११७१ | लालवन्दी | धनुषा महेन्द्रनगर |
| ७९ | ले.अ. | श्री फौदवहादुर सुनुवार | ११०७९ | सिन्धुली | लालबन्दी |
| ८० | स.ले.अ. | श्री भगिरथ चन्द | ६२१४ | श्रीपुर वेलौरी | भजनी |
| ८१ | स.ले.अ. | श्री यज्ञवहादुर वस्नेत | १०४०४ | सुर्खेत | तुल्सीपुर |
| ८२ | स.ले.अ. | श्री खड्गवहादुर के.सी. | ५६९४ | सिमिकोट | सुर्खेत |
| ८३ | स.ले.अ. | श्री वाल मुकुन्द ठाकुर | १०३६० | जलेश्वर | क्षे.का.वीरगंज |
| ८४ | स.ले.अ. | श्री जुद्धवहादुर जि.सी. | ९६०९ | लुक्ला | सामान्य सेवा विभाग |
| ८५ | ले.अ. | श्री आनन्द सुवेदी | १११९८ | ठमेल | मु.शा.का.काठमाडौं |
| ८६ | सहायक पाचौ | श्री विश्व घिमिरे | ८८१७ | अमरसिहचोक | आंवुखैरेनी |
| ८७ | ले.अ. | श्री शम्भुप्रसाद घिमिरे | १०४२२ | सामान्य सेवा विभाग | खांदवारी |

| क्र.सं. | पद | कर्मचारीको नाम | क.नं. | साविक कार्यालय | सरुवा भएको कार्यालय |
|---|---|---|---|---|---|
| ८८ | ले.अ. | श्री पुष्पचन्द्र थापा | ११९७५ | संस्थागत त.सा.म.क.वि. | ठमेल |
| ८९ | स.ले.अ. | श्री निरोजकुमार श्रेष्ठ | ११५९८ | वेसिशहर | आरुघाट |
| ९० | स.ले.अ. | श्री संजिव सुवेदी | ११६०० | वाग्लुङ्गवजार | अमरसिहचोक |
| ९१ | ले.अ. | श्री केशव राज खनाल | ११०६७ | कोहलपुर | सुर्खेत |
| ९२ | ले.अ. | श्री विनोद पाण्डे | ११०६८ | तुल्सीपुर | क्षे.का.नेपालगंज |
| ९३ | सहायक पाचौ | श्री उदय वस्नेत | ९७७७ | लमहि | सिमिकोट |
| ९४ | स.ले.अ. | श्री श्याम सुन्दर गौतम | ११६१९ | जुम्ला | लमहि |
| ९५ | ले.अ. | श्री होताराम योगी | ११०६९ | क्षे.का.नेपालगंज | कोहलपुर |
| ९६ | का.मु.स.ले.अ. | श्री टिकाराम पाण्डे | ९७८१ | भजनी | श्रीपुर वेलौरी |
| ९७ | सहायक पाचौ | श्री राजेन्द्रप्रसाद पौडेल | ६४५३ | मु.शा.का.काठमाडौं | धनकुटा |
| ९८ | स.ले.अ. | श्री लक्ष्मण श्रेष्ठ | ९१९० | धनकुटा | बरगाछी |
| ९९ | सहायक पाचौ | श्री बद्रिप्रसाद भट्टराई | ९१९५ | विर्तामोड | इलामवजार |
| १०० | स.ले.अ. | श्री दीपकप्रसाद पौडेल | ११५९४ | गौर | सिन्धुली |
| १०१ | ले.अ. | श्री राम नारायण मण्डल | ८४६४ | क्षे.का.वीरगंज | जलेश्वर |
| १०२ | ना.मु.अ. | श्री भुपनिधी शर्मा | ९६१४ | वित्त विभाग | मानव संसाधन विभाग |
| १०३ | सहायक पाचौ | श्री लोकनाथ देवकोटा | ८७३२ | वेसिशहर | भच्चेक |
| १०४ | का.मु.ले.अ. | श्री राम खेलावन दाश | ६४१९ | गाईघाट | क्षे.का.विराटनगर |
| १०५ | ले.अ. | श्री योगेन्द्र ठाकुर | ८१८३ | क्षे.का.विराटनगर | गाईघाट |
| १०६ | स.ले.अ. | श्री वद्रिप्रसाद पौडेल | ८३९५ | मन्थली | सिन्धुली |
| १०७ | स.ले.अ. | श्री अच्युत उपाध्याय | ११५९० | निजगढ | मन्थली |
| १०८ | स.ले.अ. | श्री ऋषिकेश उपाध्याय | ८८०६ | हिले | वित्त विभाग |
| १०९ | का.मु.स.ले.अ. | श्री केशेन्द्र प्रकाश कार्की | ५०९४ | दैलेख | लम्की |
| ११० | स.ले.अ. | श्री दिर्घराज ओझा | ११४१६ | लम्की | नेपालगंज |
| १११ | सहायक पाचौ | श्री लोकवहादुर कटुवाल | ९६१३ | ट्रेजरी विभाग | लुक्ला |
| ११२ | ले.अ. | श्री इन्द्र विलाश न्यौपाने | १०५९४ | नारायणगढ | वेसिशहर |
| ११३ | स.ले.अ. | श्री विष्णुप्रसाद निरौला | ११०९९ | शिवगंज | दुहवी |
| ११४ | स.ले.अ. | श्री महेन्द्र गुरुङ्ग | ११५९७ | गोरखा | स्याङ्गजावजार |
| ११५ | स.चौथो | श्री संगम पौडेल | ११४९७ | सिन्धुली | नक्साल |
| ११६ | सहायक चौथो | श्री वद्रि तिम्सीना | ९००१ | वित्त विभाग | प्रमुख कार्यकारी अ.को कार्यालय |
| ११७ | सहायक चौथो | श्री देवीलाल भण्डारी | ५६४० | अमरसिहचोक | पार्दी |
| ११८ | सहायक पाचौ | श्री राधिका श्रेष्ठ | ९३८० | पुल्चोक | महाराजगंज |
| ११९ | सहायक चौथो | श्री श्रीभक्त श्रेष्ठ | १०८११ | बर्दघाट | भैरहवा |
| १२० | क.मु.स.पाचौ | श्री महेश्वर रेग्मी | १०८३२ | स्याङ्गजावजार | अमरसिहचोक |
| १२१ | सहायक चौथो | श्री वेदनाथ निरौला | ७५५५ | उर्लावारी | वालाजु |
| १२२ | स.ले.अ. | श्री अर्जुन पनेरु | ११६०६ | पाल्पा | गोरखा |
| १२३ | सहायक पाचौ | श्री देवीप्रसाद खतिवडा | ८०१६ | इटहरी | बुढानिलकण्ठ |
| १२४ | सहायक चौथो | श्री दुर्गा पोखरेल | १०४७५ | बुढानिलकण्ठ | नक्साल |
| १२५ | सहायक पाचौ | श्री रुद्रप्रसाद तिम्सीना | ९५४४ | इटहरी | दुहवी |
| १२६ | सहायक पाचौ | श्री गीताकुमारी रेग्मी | ६०३७ | बुढानिलकण्ठ | सम्पत्ति व्यस्थापन विभाग |
| १२७ | स.चौथो(टहलुवा) | श्री आशा चौधरी | ९०७७ | तुल्सीपुर | वालाजु |
| १२८ | स.चौथो | श्री सविनकुमार गिरी | ११४९५ | दमक | ठिमी |
| १२९ | स.चौथो | श्री विनेशकुमार वन | ११५०५ | कुश्मा | सुर्यविनायक |
| १३० | स.ले.अ. | श्री लक्ष्मीप्रसाद गौतम | ९२११ | डडेलधुरा | गुलरिया |
| १३१ | स.चौथो | श्री सुविन्द्र महर्जन | ११५४६ | श्रीपुर | महाराजगंज |
| १३२ | सहायक पाचौ | श्री उपेन्द्र नारायण यादव | ५६५० | सिराहा | राजविराज |
| १३३ | सहायक चौथो | श्री विन्दु के.सी. | १०४४१ | गौशाला | थापाथली |
| १३४ | सहायक पाचौ | श्री दीपक रिसाल | ९३४५ | ठमेल | वित्त विभाग |
| १३५ | स.ले.अ. | श्री नेत्रप्रसाद भुषाल | ९४४८ | वित्त विभाग | संस्थागत तथा सा.म.क.विभाग |
| १३६ | का.मु.स.पाचौ | श्री कृष्णचन्द्र थापा | | आरुघाट | अमरसिहचोक |
| १३७ | स.चौथो(क.स.) | श्री सुनिल श्रेष्ठ | ११५४२ | चरिकोट | टेकु |
| १३८ | स.ले.अ. | श्री जनक राज जोशी | ९२०० | थापाथली | सम्पत्ति व्यस्थापन विभाग |
| १३९ | सहायक पाचौ | श्री गीतादेवी नेपाल | ७८०७ | थापाथली | सामान्य सेवा विभाग |
| १४० | सहायक पाचौ | श्री जगतवहादुर ओली | ९४२५ | लम्की | भुरिगाउं |
| १४१ | ले.अ. | श्री भोलानाथ पौडेल | १११९५ | क्षे.का.विराटनगर | मानव संसाधन विभाग |



**राष्ट्रिय बाणिज्य बैंक केन्द्रीय कार्यालय सामान्य सेवा विभागबाट शाखा कार्यालय खाँदवारीको प्रबन्धकमा सरुवा भइ जानु भएका लेखा अधिकृत शम्भु प्रसाद घिमिरेको विदाइको अवसरमा विभागका तर्फबाट उपहार प्रदान गरिदै ।**

## श्रद्धा सुमन

यस बैंकको केन्द्रीय कार्यालय ट्रेजरी विभागका सहायक तेश्रो लक्ष्मी प्रसाद खतिवडा (१०८३९) को केही पहिले भएको असामयिक निधनको खवरले हामीहरू भावविह्वल भएका छौं । दिवंगत आत्माको चिर शान्तिको निम्ति भगवानसंग प्रार्थना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

यस बैंकको शाखा कार्यालय लालवन्दीका व.ट. शिव बहादुर कार्कीको केही पहिले असामयिक निधनको खवरले हामीहरू भावविह्वल भएका छौं । दिवंगत आत्माको चिर शान्तिको निम्ति भगवानसंग प्रार्थना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

## समवेदना

फेरि धेरैको मन मुटु चस्काउने सांच्चै असामयिक मृत्यु भए अरु । राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय नेपालगन्जका प्रवन्धक वुद्धप्रकाश सिंहका सुपुत्र इशान मान सिंहको ७ वर्षको कलिलो उमेरमा घरको छतबाट खसेर ०७०।५।१९ मा निधन भयो  भने के.का. वित्त विभागका स.ले.अ. रामचरण (वि.सि.(५२३१) की सुपुत्री लता वि.सी. (विष्ट) को हार्थोक पाल्पाको जीप दुर्घटनामा केही पहिले निधन भयो । यी दुर्घटनाजन्य असामयिक निधनको खवरले हामीहरू मर्माहत भएका छौं, दिवंगत आत्माहरूको चिर शान्तिको कामना गर्दछौं । यो असीम दुःख र पीडाको घडीमा हामी शोक सन्तप्त परिवारजनलाई शोक सहने शक्तिको निम्ति सर्वशक्तिमान भगवानसंग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

यस बैंकको शाखा कार्यालय बाग्लुङ्ग बजारका स.प्र. गणेश बहादुर रायमाझीकी माता मनरुपा रायमाझी (८०) को मिति ०७०।३।२२ मा, शाखा कार्यालय बेशीसहरका प्रवन्धक दिगन्त राज पन्तकी माता लक्ष्मी कुमारी पन्त (९०) को मिति ०७०।४।३० मा, सहायक प्रवन्धक होदराज वरालका पिता गंगादत्त वराल (९२) को मिति ०७०।४।५मा र केन्द्रीय कार्यालय सामान्य सेवा विभागका कम्प्युटर इन्जिनियर विष्णु प्रसाद पाठक (१०५७५) का पिता राम बहादुर पाठक (९२) को ०७० साउन १९ गते, शाखा कार्यालय मैतीदेवीका नगद सहायक विष्णु प्रसाद खनालकी माता केश कुमारी खनाल (७५) को केही पहिले, शाखा कार्यालय धनगढीका सहायक चौथो हरि सिं साउदकी माता डिक्रा देवी साउद (७६) को ०७० साउन २३ गते, के.का.अ.शा.हि.मि. विभागका सहायक चौथो नेत्र प्रसाद भट्टराइका पिता एकनाथ भट्टराइको मिति ०७०।३।१५मा, कानुन विभागका ले.अ. ज्ञान प्रसाद भुसाल (११३९९) का पिता सर्वानन्द भुसालको मिति ०७०।३।७ मा, शा.का. सूर्यविनायकका स.ले.अ. राजेश बहादुर श्रेष्ठ (१०२ ९७) की माता हरिदेवी श्रेष्ठको मिति २०७०।५।५ मा र प्रमुख कार्यकारी अधिकृतको कार्यालयका लेखा अधिकृत दीपकराज महर्जन (५६१९) का पिता ज्ञान बहादुर महर्जन (७७) को मिति ०७०।५।२० मा निधन भएकोमा दिवंगत आत्माहरूको चिरशान्तिको निम्ति सर्वशक्तिमान भगवानसंग प्रार्थना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**राष्ट्रिय वाणिज्य बैंक**
परिवार

समाचार संक्षेप

## अपाङ्ग समाजलाई रावावैंकको सहयोग

राष्ट्रिय वाणिज्य बैंकद्वारा नयां नेपाल अपाङ्ग समाज नामक गैह सरकारी संस्थालाई रु २९,५००। आर्थिक सहयोग प्रदान गरिएको छ। बैंकले गत आर्थिक वर्षमा संस्थागत सामाजिक उत्तरदायित्व निर्वाहको सिलसिलामा यो सहित ४ वटा संस्थालाई आर्थिक सहयोग प्रदान गरेको जानकारी मार्केटिङ्ग विभागका नायव मुख्य अधिकृत सुशिला भट्टराईले दिनुभएको छ ।

## सरसफाईमा शाखा कार्यालय भद्रपुर तृतीय

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय चन्द्रगढी झापाद्वारा सबै जनता सबै दल सरसफाइमा लगाऔं बल भन्ने मूल नाराका साथ केही पहिले आयोजित १४औ राष्ट्रिय सरसफाई सप्ताहमा विभिन्न सरकारी तथा अर्ध सरकारी कार्यालयको सरसफाईको अवस्था मूल्यांकन गरिएकोमा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय भद्रपुर तृतीय भएको छ। सो सम्बन्धी प्रमाणपत्र शाखा प्रवन्धक दुश्यन्त निरौलालाई एक समारोहका बीच प्रदान गरियो ।

यूनियन गतिविधि

# रावावैंक कर्मचारी संघ नेपालको २४ औं वार्षिकोत्सव

साउन ७ काठमाडौं

रावावैंक कर्मचारी संघ नेपालको २४ औं वार्षिकोत्सव संघको केन्द्रीय समितिको आयोजनामा सप्ताहव्यापी रुपमा भव्यतापूर्वक मनाईयो। यसै सिलसिलामा नेकपा एमाले केन्द्रीय समितिका सदस्य तथा पेशागत फाँटका प्रमुख डा. विजय पौडेलको प्रमुख आतिथ्यमा केन्द्रीय कार्यालय परिसरमा पुरष्कार वितरण तथा समापन समारोह सम्पन्न भयो । सो अवसरमा प्रमुख अतिथि डा.पौडेलले लोक कल्याणकारी राज्यको प्रवर्द्धननिम्ति सरकारी बैंकहरूको आवश्यकता रहने वताउंदै सार्वजनिक संस्थानका यूनियन र व्यवस्थापनबीचको सम्बन्ध निजी संस्थाका मालिक श्रमिकबीचको जस्तो हुन नहुने वताउनुभयो । सो अवसरमा डा पौडेलले वित्तीय सार्वभौमिकता जोगाउन सार्वजनिक वित्तीय संस्थाको अहम् भूमिका हुने हुंदा यसमा कार्यरत यूनियनहरू जिम्मेवार हुनुपर्ने वताउंदै यूनियनलाई इलेक्ट्रोनिक होइन कि कामलाई इलेक्ट्रोनिक गराउनुपर्ने आवश्यकतामा जोड दिनुभयो । सो समारोहमा विशेष अतिथि रावावैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले व्यवस्थापनले यूनियनलाई व्यवस्थापनकै एक पाटोको रुपमा लिएको वताउंदै बैंकमा ट्रेड यूनियनले देखाएको व्यावसायिक कुशलता निम्ति सम्वद्ध यूनियनहरूलाई धन्यवाद् दिनुभयो । सो अवसरमा विशेष अतिथि शर्माले बैंक सबैको भएकोले सामूहिक हीतका निम्ति बैंकको उपयोग हुनुपर्दछ भन्ने कुरामा यूनियन र व्यवस्थापनबीच मतान्तर नरहेको वताउंदै कर्मचारी विना श्रम पैसा लिदैनौं भन्ने कुरामा प्रतिवध्द हुनुपर्ने, सेवा प्रवेश गर्दा लिएको शपथप्रति इमान्दार हुनुपर्ने वताउनुभयो । व्यवस्थापन कर्मचारीको संरक्षकसमेत रहेकोले कर्मचारीका नियमसंगत र न्यायोचित माग संवोधनमा संधै



खुला रहेको वताउंदै विशेषः अतिथि शर्माले रावावैंकलाई सवल बनाउने र बजारमा स्थायित्व कायम गर्ने दिशामा सबैको सामूहिक प्रयासको आवश्यकतामा जोड दिनुभयो ।

उक्त समारोहमा पेशागत महासंघ नेपालका अध्यक्ष विश्वनाथ प्याकुर्‍याल, बैंक वीमा तथा वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय समितिका अध्यक्ष शंकरकुमार रायमाझी,नेपाल राष्ट्रिय कर्मचारी संगठन रावावैंक केन्द्रीय समितिका महासचिव मित्र शर्मा पौडेल,नेपाल वित्तिय संस्था कर्मचारी संघ रावावैंक केन्द्रीय समितिका महासचिव दिनेश विक्रम थापा लगायतका वक्ताले शुभकामना मन्तव्य दिनुभएको थियो । संघका केन्द्रीय अध्यक्ष नारायणप्रसाद सुवेदीको सभापतित्वमा, महासचिव वेद वहादुर लावतीको संचालनमा सम्पन्न उक्त समारोहमा उपाध्यक्ष हेमराज सुवेदीले स्वागत मन्तव्य दिनुभएको थियो भने संघका लुज् श्रेष्ठले स्वागत गीत गायन गर्नुभएको थियो । सो अवसरमा सम्मानित एस.एल.सि.ग्रेजुएटको तर्फबाट वादल भण्डारी र नइमा भट्टराईले मन्तव्य दिएका थिए ।

राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका सदस्यहरू वटुकनाथ ढकाल, डा.जितेन्द्र प्रसाद उपाध्याय, ज्ञानेन्द्र राज कोईराला, हरि प्रसाद मुनाकर्मी र शिवादेवी काफ्ले, कार्यकारी निर्देशक ज्योतिचन्द्र ओझा, नायव महाप्रवन्धकहरू माधवराज पन्त, गोपालचन्द्र शर्मा, गिरिजानन्द पनेरु, भेषराज पन्थी, विभागीय प्रमुखहरू, पेशागत महासंघ नेपालका महासचिव शिव कुमार अधिकारी, रावावैंक कर्मचारी संघका पूर्व केन्द्रीय अध्यक्षहरू कमल खरेल, माधव आचार्य, महेशराज खरेल र प्रकाशचन्द्र मुखिया नेरावै कर्मचारी संघका अध्यक्ष वसन्तराज पाण्डे, मध्यमान्चल ग्रामीण विकास संघ कर्मचारी संघका जगन्नाथ वराल लगायतका महानुभावका साथै रावावैंक केन्द्र र उपत्यकास्थित शाखामा कार्यरत कर्मचारीको बाक्लो उपस्थिति थियो ।

यसै सिलसिलामा यसअघि हेमराज सुवेदीको संयोजकत्वमा गठित बैंक वीमा तथा वित्तीय क्षेत्रस्तरीय हाजिरी जवाफ प्रतियोगिता संचालन समिति, भरत प्रसाद भट्टराईको संयोजकत्वमा गठित रक्तदान कार्यक्रम आयोजना समिति तथा तोया ढुङ्गेलको संयोजकत्वमा गठित् तातो आलु प्रतियोगिता संचालन समितिद्वारा तोकिएका कार्यक्रमहरू सफलतापूर्वक संचालन गरिएका थिए ।

संघद्वारा आयोजित रक्तदान कार्यक्रमको बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले समुद्घाटन गर्नुभएको थियो । रक्तदान कार्यक्रममा ९२ कर्मचारीले रक्तदान गरेका थिए। बैंक बीमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ स्तरीय हाजिरी जवाफ प्रतियोगितामा नेरावैंक समूह १, रावावैंक र नेरावैक समूह २ ले क्रमशः प्रथम, द्वितीय र तृतिय स्थान हासिल गरेका थिए भने आन्तरिक तातो आलु प्रतियोगितामा सविता सुवेदी, लसता श्रेष्ठ, संगीता थापाले क्रमशः प्रथम, द्वितीय र तृतिय स्थान हासिल गरेका थिए । यसैगरि एस एल.सि.मा उत्कृष्ठता हासिल गर्ने ८ जना संघ सम्बद्ध रावाबैंक कर्मचारीका छोराछोरीलाई राविया छात्रवृत्ति प्रदान गरिएको थियो भने क्षेत्रीय समितिहरूको क्षेत्रगत मूल्यांकनको आधारमा प्रथम भएको वीरगन्ज क्षेत्रीय समितिलाई रनिंग शिल्ड प्रदान गरिएको थियो ।

## राष्ट्रिय वाणिज्य बैंकमा नयाँ कर्मचारी यूनियन

राष्ट्रिय वाणिज्य बैक लिमिटेडमा राष्ट्रिय कर्मचारी संगठन नेपाल (रावावैंक) नामक नयां कर्मचारी यूनियन गठन भएको छ । उक्त संगठन श्रम कार्यालय काठमाडौंमा गत श्रावण २० गते दर्ता प्र.प.नं.३२१७ बाट दर्ता भएको जानकारी संगठनका अध्यक्ष राजेन्द्र कुमार कार्कीले श्रावण २१ गते प्रेस विज्ञप्ती मार्फत दिनुभएको छ। स्मरण रहोस्, यो संगठन रावावैंकको चौथो कर्मचारी संगठन हो । यसैबीच संगठनको २१ सदस्यीय केन्द्रीय समिति र ३ सदस्यीय सल्लाहकार समिति गठन गरिएको जानकारी भाद्र ११ गते अध्यक्ष राजेन्द्र कुमार कार्की र महासचिव अग्र बहादुर विष्टद्वारा जारी प्रेस विज्ञप्तीमा जनाइएको छ ।

## नेपाल वित्तीय संस्था कर्मचारी संघ रावावैंकद्वारा विचार गोष्ठी तथा छात्रवृत्ति वितरण कार्यक्रम आयोजना

३१ भाद्र काठमाडौं

विविधता नेपालको पहिचान हो त्यसैले नेपालले जातीय सद्भाव,आर्थिक संभाव्यता,राज्य संचालन लागत र प्रशासनिक सुगमताजस्ता विषयहरू गंभीरतापूर्वक विचार गरी न्यूनतम आकारमा (संघहरू ७ भन्दा नबढ्ने गरी) व्यावहारिक संघियता अपनाउनु पर्छ। उक्त कुरा नेपाली कांगेसका नेता तथा पूर्व अर्थमन्त्री डा रामशरण महतले नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय समितिद्वारा पूर्व प्रधानमन्त्री तथा नेपालको प्रजातान्त्रिक समाजवादी आन्दोलनका शिखर व्यक्तित्व एवं मुर्धन्य साहित्यकार स्व.वी.पी.कोईरालाको शतवार्षिकी मनाउने सिलसिलामा नेपाल वित्तीय कर्मचारी संघ रावावैंक केन्द्रीय समितिद्वारा आयोजित विचार गोष्ठीमा प्रमुख अतिथिको हैसियतले संवोधनका क्रममा वताउनुभएको हो । नेपालमा संघियताको वहस संभावना र चुनौती विषयक विचार गोष्ठीमा विशेषः अतिथि राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले अवसर र अधिकार सबै जनतामाभ्क पुग्ने, राष्ट्रिय अखण्डता जोगिने र आर्थिक सामर्थ्यको सुनिश्चितता हुने जस्ता आधारमा संघीय ढांचा अपनाउनु उपयुक्त हुने अभिमत राख्नुभयो। सो अवसरमा प्रमुख कार्यकारी अधिकृत शर्माले राष्ट्रिय वाणिज्य बैंकका धेरैजसो परिसूचक राम्रो अवस्थामा रहेको बताउँदै बैंकलाई चालु आर्थिक वर्षको अन्तमा निक्षेप,कर्जा, मुनाफा सबै आधारमा अग्रस्थानमा पुऱ्याउने सोंच तथा कार्यक्रम रहेको बताउनुभयो ।

आयोजक संघका केन्द्रीय अध्यक्ष उध्दवप्रसाद गौतमको सभापतित्व तथा महासचिव दिनेश विक्रम थापाको संचालनमा सम्पन्न उक्त समारोहमा नेपाल ट्रेड यूनियन कांग्रेस स्वतन्त्रका केन्द्रीय अध्यक्ष खिलानाथ दहाल, नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय समितिका अध्यक्ष गणेश बहादुर के.सि.आयोजक संघका जितेन्द्र सिंह थापा लगायतका वक्ताहरूले वी.पी.कोइरालाको राष्ट्रियताको सिद्धान्त र संघियताको विविध आयामबारे प्रकाश पार्नुभएको थियो भने पुरष्कृत विद्यार्थीको तर्फबाट अस्मिता भुषालले मन्तव्य दिनुभएको थियो । सोही अवसरमा प्रमुख अतिथि डा. राम शरण महतले गत वर्षको एस.एल.सि.मा उत्कृष्ठता हासिल गर्ने राष्ट्रिय वाणिज्य बैंकमा नेपाल वित्तीय संस्था कर्मचारी संघ सम्बद्ध कर्मचारीका छोराछोरीमध्ये विवेक पौडेल, आशुतोष पौडेल र अस्मिता भुषाललाई सर्वोत्कृष्ट पुरस्कार एवं जेहेन्दार छात्रवृत्ति र अन्य १४ जनालाई उत्कृष्ठ पुरस्कार तथा जेहेन्दार छात्रवृत्ति प्रदान गर्नुभयो ।

उक्त कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंकका नायव महाप्रवन्धकद्वय माधवराज पन्त र भेषराज पन्थी, नेपाल ट्रेड यूनियन कांग्रेस (स्वतन्त्र) का केन्द्रीय सदस्यहरू आशासिंह राठौर, मीना न्यौपाने, जय बहादुर योन्जन, यू.एन.आई.नेपालका लेख प्रसाद बुर्लाकोटी, अयोजक संघ सल्लाहकार समितिका संयोजक शिवराम पौडेलका साथै रावावैंक कर्मचारीको उल्लेख्य उपस्थिति थियो ।

बाँकी पृष्ठ ७ मा

# पुनर्ताजगी तालीम सम्पन्न

साउन ७ थापाथली

बैंकमा हालै चौथो तहबाट पांचौ तहमा बढुवा भएका ७० जना वरिष्ट सहायकहरूलाई राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय तालीम तथा विकास विभागद्वारा दुई दिवशीय पुनर्ताजगी तालीम कार्यक्रमको आयोजना गरियो । उक्त तालीम कार्यक्रमको समापन समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले मध्यम र निम्न मध्यम वर्ग रावाबैंकको प्रमुख ग्राहक आधार भएकोले उनीहरूलाई बैंकले विशेष: सेवा सुविधा दिनुपर्ने वताउनुभयो । दुर्गम क्षेत्रका ग्राहकलाई सेवा सुविधा विस्तार गर्नु सामाजिक न्यायको हिसावले समेत उचित भएकोले त्यस दिशामा बैंकले कदम चाल्ने





बताउनुभयो । समस्या भित्र हराउने होईन कि समस्यालाई अलि पर राखेर हेर्दा समाधान सहज हुने वताउदै प्रमुख कार्यकारी अधिकृत शर्माले विगतको बजार हिस्सा पुन हासिल गर्न कर्मचारीले योगदान पुरयाउनुपर्ने वताउनुभयो । रावावैंकसंग रहेको न्यून लागतको कोषबाट सुरक्षित र राम्रा ग्राहक आकर्षित गर्न सकिने, विपन्न वर्ग, कृषि, शिक्षक र राष्ट्रसेवक कर्जामा धेरै संभावना रहेकोले कर्जा विस्तारमा जोड दिन सहभागीलाई आग्रह गर्दै श्री शर्माले हरेक शाखामा कम्तिमा पनि राम्रा २० ग्राहकहरू हाम्रा हुनुपर्ने वताउनुभयो । सो अवसरमा श्री शर्माले रावावैंक कारोवारको गुणात्मक विस्तार तथा मानवीय संशाधनको उत्तराधिकार परिवर्तनको दृष्टिले आमूल रुपान्तरणको चरणमा रहेको यस कालखण्डमा यस समूहका कर्मचारीबाट बैंकले महत्वपूर्ण भूमिकाको अपेक्षा गरेकोले कर्मक्षेत्रमा सक्रिय एवं इमान्दार रहन तथा ज्ञानको क्षेत्रमा समेत अद्यावधिक भई आफूमा नेतृत्व क्षमता/ गुणहरू विकास गर्न सहभागीहरूलाई आग्रह गर्नुभयो ।

रावावैंकका कार्यकारी निर्देशक ज्योतिचन्द्र ओझा ,नायव महाप्रवन्धक भेषराज पन्थी,सामान्य सेवा विभागका प्रमुख शशि आचार्य, क्षेत्रीय कार्यालय काठमाडौंका प्रमुख सुशिल श्रेष्ठ,तालीम तथा विकास विभागका उपप्रमुख मित्रलाल पंज्ञानी, सूचना प्रविधि विभागका उपप्रमुख देवेश लोहनी र रावावैंक समाचारका सम्पादक मुकुन्द अर्यालको समुपस्थिति रहेको सो समारोहमा कार्ड पेमेन्ट एण्ड सेटलमेन्ट विभागका प्रमुख कपिलमणि ज्ञवालीले मन्तव्य दिनुभएको थियो । तालीम तथा विकास विभागका नायव मुख्य अधिकृत शिवराम पौडेलको संयोजन तथा संचालनमा सम्पन्न उक्त समारोहमा बजारमा रावावैंकको प्रभाव, कर्जा सेवा र व्यवस्थापन,दैनन्दिनका संचालन समस्याहरू,पूर्वाधार विकास,बजार विश्लेषण र प्रतिष्पर्धिता लगायतका विषयमा सहभागीहरूका तर्फबाट कृष्ण पन्थी,इश्वर वहादुर सिंह,मिलन बाबु नेपाल, लक्ष्मी प्रसाद पाण्डे र गोपाल प्रसाद न्यौपानेले समूहगत रिपोर्ट प्रस्तुत गर्नुभएको थियो ।

यसअघि तालीमको शुभारम्भ समारोहमा प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले रावावैंकको समग्र अवस्थाबारे प्रकाश पार्दै यो बैंक जनताको बैंक भएकोले यसको सुधारको अनुभूति सबैलाई हुनुपर्ने वताउनुभएको थियो । उक्त समारोहमा तालीम तथा विकास विभागका उपप्रमुख मित्रलाल पंज्ञानीले स्वागत मन्तव्य दिनुभएको थियो ।

यूनियन गतिविधि पृष्ठ ६ बाट क्रमश:

## नेपाल वित्तीय संस्था कर्मचारी संघ रावाबैंकद्वारा हरितालिका कार्यक्रम

भाद्र ७ काठमाडौं

यसैबीच संघको केन्द्रीय महिला विभागको आयोजनामा हरितालिका तीज २०७० को उपलक्ष्यमा भाद्र ७ गते केन्द्रीय कार्यालय परिसरमा शुभकामना आदान प्रदान तथा दरखाने कार्यक्रमको आयोजना गरियो । नेपाल ट्रेड यूनियन कांग्रेसका केन्द्रीय उपाध्यक्ष रीता खनालको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समारोहमा विशेष: अतिथि रावावैंकका कार्यकारी निर्देशक ज्योतिचन्द्र ओझा, विशेष:अतिथि नेपाल ट्रेड यूनियन कांग्रेसका महिला विभागका संयोजक कमला पौडेल नेपाल ट्रेड यूनियन कांग्रेसका केन्द्रीय सदस्य केशमाया जोशी,आयोजक संघका केन्द्रीय अध्यक्ष उध्दव प्रसाद गौतम ,रावावैंक महिला विभागीय प्रमुख रमिता सुवाल ,रावावैंक कर्मचारी संघ नेपालका प्रतिनिधि मीना मोक्तान, नेपाल राष्ट्रिय कर्मचारी संगठन रावावैंकका प्रतिनिधि इन्दिरा कार्की लगायतका वक्ताले शुभकामना मन्तव्य दिनुभएको थियो । आयोजक महिला विभागका अध्यक्ष ओमहरि गुरागांईको सभापतित्वमा उप महासचिव प्रभा जोशीको संचालनमा सम्पन्न उक्त



समारोहमा केन्द्रीय सदस्य रेणु घिमिरेले स्वागत मन्तव्य दिनुभएको थियो । नायव महाप्रवन्धकद्वय गोपालचन्द्र शर्मा र गिरिजानन्द पनेरु, विभागीय प्रमुख तथा वरिष्ट अधिकृतहरू, रावावैक समाचारका सम्पादक मुकुन्द अर्याल, नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय समितिका उप महासचिव वासुदेव खत्री, रावावैंक केन्द्रीय समितिका प्रथम कार्यकालका अध्यक्ष जितेन्द्र सिंह थापा, सल्लाहकार समितिका संयोजक शिवराम पौडेल, पुण्य भट्टराई लगायत अधिक संख्यामा महिला तथा पुरुष कर्मचारीको समुपस्थिति थियो । सो अवसरमा तीजको सांस्कृतिक कार्यक्रमका अतिरिक्त दर खाने कार्यक्रमसमेत आयोजना गरिएको थियो ।

## वीरगन्ज क्षेत्रका शाखा प्रवन्धकको अन्तरक्रिया तथा पुरष्कार वितरण कार्यक्रम

भाद्र १५ हेटौंडा

राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय वीरगन्ज अन्तर्गतका शाखा कार्यालयहरूको प्रवन्धकस्तरीय एक दिवशीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले बैकका समग्र वित्तिय परिसूचकहरू सकारात्मक हुदै गएको, बैंक अब आमूल रुपान्तरणको चरणमा रहेकोले यस बैंकलाई देशको प्रथम नम्बरको बैंक बनाउन शाखा कार्यालय, क्षेत्रीय कार्यालय,केन्द्रीय कार्यालयबाट सामूहिक मिहिनेतको खांचो रहेको वताउनु भयो । सो अवसरमा प्रमुख कार्यकारी अधिकृत शर्माले बैंकलाई अग्रगति दिन प्रवन्धकहरू शोभावान, समारोहिक (Ceremonial ) भन्दा गतिशील (Dynamic ) भई कर्जा लगायतका कारोवारको गुणात्मक तथा मात्रात्मक अभिवृद्धिमा प्रयत्नशील हुनुपर्ने र सो का लागि केन्द्रबाट सबै किसिमका सहयोग उपलब्ध गराईने वताउनुभयो । क्षेत्रीय प्रवन्धकको संयोजकत्वमा संचालित उक्त कार्यक्रममा शाखा प्रवन्धकहरूले शाखागत कार्यसम्पादनबारे प्रस्तुती दिनुभएको थियो भने नायव महाप्रवन्धक भेष राज पन्थी लगायत विभागीय प्रमुखहरूले विशेष: प्रस्तुती दिनु भएको थियो । सोही अवसरमा प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले गत आर्थिक वर्षमा उत्कृष्टता हासिल गर्ने यस क्षेत्रका शाखा तथा कर्मचारीलाई पुरष्कार वितरण गर्नुभएको थियो । उक्त कार्यक्रममा विभागीय प्रमुखहरू भुपेन्द्र पाण्डे,ओम प्रकाश आचार्य, केशव प्रसाद लम्साल, मनमोहन प्रसाद भण्डारी र कपिलमणि ज्ञवालीको समुपस्थिति थियो ।

अन्तरवार्ता

# बैंक पाँचबर्षे रणनीतिका साथ अगाडि बढिरहेको छ

### कृष्णप्रसाद शर्मा ,प्रमुख कार्यकारी अधिकृत राष्ट्रिय वाणिज्य बैंक

*१. बैकर्सका तर्फबाट मौजुदा अर्थतन्त्रको अवस्थाबारे कसरी विश्लेषण गर्नुहुन्छ ?*
- अर्थतन्त्र अहिले स्थिर अबस्थामा रहेको छ। अर्थतन्त्र जसरी चलायमान हुनुपर्ने थियो त्यसरी चलायमान हुन सकेको छैन। नयाँ व्यवसाय बजारमा प्रभावकारी रुपमा आउन सकेको छैन तर अवस्था निराशाजनक नै हो भन्ने होइन। भोलिको अवस्थामा सुधार हुँदै जान सक्छ। भविश्यप्रति आशावादी हुन सकिन्छ।

*२. बैकिङ क्षेत्रका मुख्य परिसुचकहरु के कस्ता छन् ?*
- बैकिङ क्षेत्रका परिसुचकहरु खासै नराम्रा छैनन्। सकारात्मक नै छन् भन्नु पर्छ। निक्षेपमा वृद्धि भइरहेको छ। अर्थतन्त्र प्रभावकारी रुपमा चलायमान हुन नसके पनि कर्जा लगानी भइरहेको छ। समग्र बैकिङमा भाखा नाघेका कर्जाको केही अंश भए पनि त्यो धेरै ठूलो आकारमा छैन। बाहिरबाट आएको विप्रेषण (रेमिट्यान्स) ले तरलता पूरा गर्न सहयोग गरिरहेको छ।



**गोरखापत्र दैनिकका नायव कार्यकारी सम्पादक जुनारबाबु बस्नेतलाई अन्तरवार्ता दिंदै बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्मा**

*३. बैकिङ क्षेत्रको कर्जा वास्तविक क्षेत्रमा त्यति बढ्न सकेको छैन। उत्पादनशील क्षेत्रमा कर्जा प्रवाहको अबस्थालाई कसरी मूल्याङ्कन गर्नुभएको छ ?*
- अर्थतन्त्रको बास्तविक क्षेत्र भनेको दीर्घकालिन लगानीको क्षेत्र हो। दीर्घकालीन लगानीका लागि धेरै कुराको तारतम्य मिल्नु पर्छ। मुलुकले राजनितीक स्थायित्व हासिल गर्दै लगानीमैत्री नीतिले प्रभावकारी रुपमा काम गर्नुपर्छ। भोलिको अर्थनीति के कस्तो हुन्छ भन्ने कुरा लगानीकर्ता विश्वस्त हुनुपर्छ। हाम्रो अर्थतन्त्रमा यी कुरा अभाव छन्। राजनीतिले स्थायित्व लिन सकेको छैन भने भोलिको अर्थतन्त्र कस्तो हुन्छ ? आर्थिक नीति के हुन्छ भन्ने पनि अन्योल नै छ। संविधान बन्न सकेको छैन राजनीतिक पार्टीहरुका नीतिहरुमा पनि विविधता छ। त्यसैले पनि लगानीका लागि नयाँ परियोजनाप्रति अझै उत्सुकता बढ्न सकेको छैन। यति हुँदाहुँदै पनि कृषि क्षेत्रमा व्यावसायिक लगानी भने बढ्न थालेको छ। कर्जाको माग बढिरहेको छ। यो शुभ संकेत हो।

*४. अहिलेका बैंकिङ बजारमा सरकारी स्वामित्वका बैंकको अबस्था कस्तो रहेको छ ?*
- सरकारी स्वामित्वका बैकिङ संस्थाको अहिले शाख बढिरहेको छ। निजी क्षेत्रका कतिपय बैंक तथा वित्तीय संस्थाहरुमा सुशासनको अभाव देखियो। कतिपय समस्याग्रस्त पनि भए। सँगैसँगै सरकारी स्वामित्वका बैकिङ संस्थामा सुधारको प्रक्रिया अगाडि बढ्यो। सरकारद्वारा पूँजी वृद्धिलगायतका योजना कार्यान्वयनमा ल्याएपछि सरकारी स्वामित्वका बैंक तथा वित्तीय संस्थाप्रति सर्वसाधारणको भरोसा झनै बढेको छ।

*५. यस अबस्थामा सरकारी स्वामित्वमै रहेको राष्ट्रिय बाणिज्य बैंकको अहिलेको अबस्था कस्तो छ ?*
- राष्ट्रिय बाणिज्य बैंकमा भएको निरन्तरको सुधारले बैंक नयाँ दिशामा अगाडि बढिरहेको छ। कुनै बेला ऋणात्मक अवस्थामा रहेको पूँजी कोष अब सकारात्मक हुदै छ। दश बर्ष अघि ६२ प्रतिशतको हाराहारीमा रहेको खराब कर्जा अहिले घटेर ५ प्रतिशतमा सीमित भएको छ। गत आर्थिक बर्षको अन्त्यमा बैंकको संचालन मूनाफा ७९ करोड रुपियाँ पुगेको छ। बैंकको निक्षेप ९१ अर्ब रुपियाँ छ र यो नै सबैभन्दा बढि निक्षेप रहेको बाणिज्य बैंक हो। बैंकले कर्जा सापटि ५० अर्ब र लगानी २६ अर्ब गरेको छ। कोषको लागत ३ दशमलव ६१ प्रतिशत छ र यसले बैंकको प्रभावकारिता बढिरहेको स्पष्टै देखिएको छ। बैंकका १७ लाख ग्राहक छन्। र ६४ जिल्लामा विस्तार भईरहेको छ। बैंकका १४५ शाखा छन्।

*६. बैंकको भोलिको रणनिति बारे केही भन्न मिल्छ कि ?*
- बैंक पाँचबर्षे रणनितिका साथ अगाडि बढिरहेको छ। देशकै सबैभन्दा ठूलो, विश्वासिलो र समग्र जनताले रुचाउने बैंकको रुपमा स्थापित गर्ने दिशामा बैंक अग्रसर छ।

*७. बैंकले सुधार गर्नुपर्ने कमीकमजोरी पनि छन् कि ?*
- अझै पनि जनशक्तिलाई आधुनिक बैकिङको आबश्यकता पूरा गर्न सक्ने गरी पूर्णरुपमा तयार गर्न सकिएको छैन तर सुधार जारी छ जनशक्ति विकासमा प्रगति हुँदै छ। केही पुराना कामहरु पनि छन्। जसलाई नयाँ प्रणालीमा लैजान समय लागिरहेको छ। अझै प्रतिस्पर्धी बन्न गर्नुपर्ने कामहरुको हामीले गृहकार्य गरेका छौं। काम गर्दै जाने छौं। *साभार : गोरखापत्र दैनिक*

# एटिएम, डेबिट कार्ड तथा नयाँ भुक्तानी सेवासम्बन्धी तालीम कार्यक्रम

श्रावण २७ काठमाडौं
राष्ट्रिय वाणिज्य बैंकले मुनाफा अभिबृध्दिको निम्ति कार्ड व्यवसायलाई युध्दगतिमा विस्तार गर्ने योजना बनाएको छ। यसै योजनालाई साकार बनाउन कर्मचारी प्रशिक्षणलाई तिब्रता दिईएको छ। राष्ट्रिय वाणिज्य बैंक क्षेत्रका काठमाडौं उपत्यका वाहिरका प्रवन्धक तथा उपत्यकास्थित शाखा कार्यालयमा कार्यरत आई.टि. तथा ए.टि.एम.फोकल प्वाईन्टका कर्मचारीहरूको सहभागितामा आयोजित एटिएम, डेबिट कार्ड तथा नयां भुक्तानी सेवा सम्बन्धी दुई दिवशीय तालीम कार्यक्रम सम्पन्न भयो।
उक्त तालीम कार्यक्रमको समापन समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत



कृष्णप्रसाद शर्माले रेमिटान्स,पेन्सन,सरकारी कारोवारबाट बैंकले गर्दैआएको आम्दानी घट्दोक्रममा रहेकोले आम्दानीका नयां क्षेत्र खोज्नु आवश्यक रहेको वताउनुभयो। व्यवसाय विस्तार र लागत नियन्त्रणका परस्पर विरोधी कार्यलाई समायोजित ढंगले अघि बढाउन कार्ड व्यवसाय विस्तारका संभावना खोजिएकोले यसमा सम्वध्द कर्मचारीले विशेषः मिहिनेत गर्नुपर्ने वताउनुभयो। यसै क्रममा प्रमुख कार्यकारी अधिकृत शर्माले बैंकले वित्तिय समावेशिता बढाउन चालु वर्षमा एटिएम आउटलेट १०० पुराउने , ५ वर्षभित्र २०० शाखा र २०० ब्रान्चलेस पुरयाईने जानकारी दिनुभयो। कार्ड पेमेन्ट तथा सेटलमेन्ट विभागका प्रमुख कपिल ज्ञवालीले ५ वर्षभित्रमा बैंकको कुल कारोवारमध्ये ६० प्रतिशत कारोवारलाई विद्युतीय दायरामा ल्याउने व्यवस्थापनको दुरदृष्टिलाई साकार बनाउन शाखाका कर्मचारीले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने वताउदै बैंकले कार्ड वितरणको आधारमा पुरष्कारको समेत व्यवस्था गर्ने जानकारी दिनुभयो। सो अवसरमा काठमाडौं क्षेत्रीय कार्यालयका प्रवन्धक उध्दव खनालले वर्तमान पुस्ता मोवाईल पुस्ता भएकोले कार्ड व्यवसाय विस्तारका प्रचूर संभावना रहेको वताउदै प्रविधिसंगै भित्रिएका खतराबाट जोगिन सुरक्षा सवालमा समेत उत्तिकै चनाखोहुनुपर्ने आवश्यकतामा जोड दिनुभयो। सो अवसरमा तालीम तथा विकास विभागका उपप्रमुख मित्रलाल पंज्ञानीले इमान्दारिता र सच्चरित्रतामा विशेषः ध्यान दिनुपर्ने वताउदै ग्राहकलाई बैंकमै नआई सेवा दिन सकिने एटिएम सेवा को विकास र विस्तारमा सबै दत्तचित्त भई लाग्नुपर्ने वताउनुभयो। सो अवसरमा सहभागीको तर्फबाट शाखा कार्यालय चरिकोटका प्रवन्धक टीका दुलालले शाखाका भौतिक यान्त्रिक समस्याहरू केन्द्रबाट तत्काल संबोधन भएमा शाखागत लक्ष्य प्राप्ति सहज हुने वताउनुभयो।
तालीम तथा विकास विभागका ना.मु.अ. शिवराम पौडेलको संचालनमा सम्पन्न सो समारोहमा का.पे.एण्ड से.विभागका उपप्रमुख रिकु स्थापितको समुपस्थिति थियो। उक्त तालीम कार्यक्रममा शाखा कार्यालय सल्लेरी, खानीखोला,मन्थली चरिकोट, ठमेल, विदुर, गौशाला, सानोठिमी, वालाजु, विशालबजार, मैतीदेवी, गजुरी, महाराजगन्ज, नाम्चेबजार, धादिंग, रामेछाप, रातामाटा, सूर्यविनायक, वानेश्वर, पुल्चोक, त्रि.अ.वि., ललितपुर, कलंकी, कीर्तिपुर, धुलिखेल,टेकु, खरानीटार र भोटाहिटी शाखाका प्रतिनिधिहरूद्वारा यस वर्ष ६३००० कार्ड वितरण गर्ने लक्ष्य निर्धारण गरिएको छ।

Published by: Rastriya Banijya Bank, Central Office, General Service Department
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595
Chief Advisor : CEO Krishna Prasad Sharma, Advisor : E.D. Jyoti Chandra Ojha, Chief Editor : Mukunda Aryal,
Co-editor (Distribution Management): Bharat Nepal, Email:rbbnl@rbb.com.np
Computer Design & Setting : Touch Creation P. Ltd., Bagbazar, Kathmandu,Tel: 01-4215448
Printed at : Kalpataru Printing Press Pvt. Ltd., Kathmandu